१

# गरुडा नगरपालिका

**Garuda Municipality**

# नगर कार्यपालिकाको कार्यालय

# Office of The Municipal Executive

गरुडा, रौतहट

**Garuda, Rautahat**

मधेश प्रदेश, नेपाल

**Madhesh Province, Nepal**

पत्र संख्याः-२०८२/०८३ मिति : २०८३ /०१/०९

चलानी नं.- २१२२

**श्रम संसार (Shramsansar) प्रणालीमा आबद्ध हुने सम्बन्धी सूचना !!!**

श्री निजी क्षेत्र/रोजगारदाता सबै,

श्री रोजगार एजेन्सी सबै,

श्री तालिम प्रदायक संस्थाहरू सबै,

श्री सहकारी संस्थाहरू सबै,

श्री सरकारी तथा गैर सरकारी संस्थाहरू सबै,

श्री सामुदायिक तथा निजी विद्यालयहरू सबै।

प्रस्तुत विषयमा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सूचना प्रविधि तथा तथ्याङ्क शाखाको च.नं. ५५, मिति २०८३/०१/०४ गतेको पत्रानुसार सार्वजनिक सेवा प्रवाहमा डिजिटलाईजेशन गरी श्रम तथा रोजगारीसँग सम्बन्धित सेवाहरू एकीकृत प्रणाली 'श्रम संसार (Shramsansar)' मार्फत सञ्चालन गर्ने निर्देश भएको हुँदा यस नगरपालिकाभित्र रहेका निजी क्षेत्र/रोजगारदाता, रोजगार एजेन्सी, तालिम प्रदायक संस्थाहरू, सहकारी संस्थाहरू, सरकारी तथा गैर सरकारी संस्थाहरू र सामुदायिक तथा निजी विद्यालयहरूले मिति २०८३/०१/१६गते भित्र 'श्रम संसार (Shramsansar)' प्रणालीमा दर्ता भई श्रम तथा रोजगारी सम्बन्धी सूचना, रोजगारी तथा तालिमका अवसरहरू 'श्रम संसार (Shramsansar)' प्रणाली मार्फत अनिवार्य रूपमा प्रकाशन गर्ने व्यवस्था मिलाउन हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

श्रम संसार प्रणालीमा आबद्ध हुनका लागि श्रम संसारको वेबसाइट shramsansar.gov.np मा दर्ता गर्न वा मोबाइलमा Play Store/App Store मार्फत एप डाउनलोड गरी दर्ता गर्न सकिनेछ।

थप जानकारीका लागि यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

२०८३/१/१९

नीलमकुमार न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

**नीलमकुमार न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**


| Email | Phone No. | Website |
|---|---|---|
| itofficer.garudamun@gmail.com | 055-565201 | https://garudamun.gov.np |
| info@garudamun.gov.np | "समृद्ध नगर, सुखी नगरवासी" | |


Scanned with CamScanner